# आर्थिक वर्ष २०८०/०८१
# को
# नीति, कार्यक्रम तथा बजेट

(बोर्डको मिति २०८०/०४/२१ गतेको बैठकबाट स्वीकृत)

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**वैदेशिक रोजगार बोर्ड**

२०८० साउन

# वैदेशिक रोजगार बोर्डको आ. व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम र बजेट

## १. वैदेशिक रोजगार बोर्डको परिचय

बर्तमान अवस्थामा वैदेशिक रोजगारी संसारभरिकै महत्वपूर्ण विषयको रुपमा स्थापित भएको छ। नेपालको सन्दर्भमा पनि वैदेशिक रोजगारी अपरिहार्य विषय भएको छ। वैदेशिक रोजगार बोर्डले यो विषयलाई व्यविस्थत गर्ने काम गर्दछ। वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन, वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्न, वैदेशिक रोजगारीको लागि नयाँ र आकर्षक गन्तव्यको खोजी तथा प्रवर्द्धन गर्ने प्रयोजन समेतको लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ को उपदफा १ बमोजिम वैदेशिक रोजगार बोर्डको स्थापना भइ बोर्डको सचिवालय मार्फत बोर्डका निर्णयहरू कार्यान्वयनमा आइरहेको छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ अनुसार माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालय, रोजगार व्यवसायी संघ, वैदेशिक रोजगार विज्ञहरू र ट्रेड युनियनबाट समेत प्रतिनिधित्त्व हुनेगरी वैदेशिक रोजगार बोर्डको गठन हुने व्यवस्था रहेको छ। मिति २०६५ कार्तिक १८ गते प्रशासनिक इकाइको रूपमा बोर्ड सचिवालयको स्थापना भएपछि वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारको हक, हित र कल्याणका लागि निरन्तर रूपमा कृयाशील रही आएको छ।

## २. बोर्डको गठन तथा कार्यक्षेत्र

### २.१ गठन

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ को उपदफा (१) बमोजिम बोर्डको गठन देहाय बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| (क) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री/राज्यमन्त्री | - अध्यक्ष |
| (ख) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री/सहायक मन्त्री | - उपाध्यक्ष |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) | - सदस्य |
| (घ) | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि, गृह मन्त्रालय | - सदस्य |
| (च) | सचिव वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि, परराष्ट्र मन्त्रालय | - सदस्य |
| (छ) | सचिव वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ज) | सचिव वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (झ) | सचिव वा निजले तोकेको रा.प. प्रथम श्रेणीको प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | - सदस्य |
| (ञ) | महानिर्देशक, विभाग | - सदस्य |
| (ट) | प्रतिनिधि (प्रथम श्रेणी सरह), नेपाल राष्ट्र बैङ्क | - सदस्य |
| (ठ) | वैदेशिक रोजगारका विशेषज्ञहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनित एकजना महिलासमेत दुई जना | - सदस्य |
| (ड) | वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष र सोही संघले मनोनयन गरी पठाएको एकजना महिला प्रतिनिधि गरी दुईजना | - सदस्य |

(ढ) वैदेशिक रोजगार सम्बन्धी सीपमूलक र अभिमुखीकरण तालिम सञ्चालकहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनित एकजना महिला सहित दुईजना - सदस्य

(ण) दफा ७२ बमोजिम स्वीकृति प्राप्त स्वास्थ्य संस्थाका कम्तिमा एम.बी.बी.एस. उत्तीर्ण चिकित्सकमध्ये नेपाल सरकारद्वारा मनोनित एक जना - सदस्य

(त) नेपाल सरकारले तोकेका कुनै चारवटा मान्यताप्राप्त ट्रेड युनियन महासंघको अध्यक्ष वा त्यस्ता महासंघले मनोनयन गरी पठाएका एक-एक जना प्रतिनिधि गरी चारजना - सदस्य

(थ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(द) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद - सदस्य

(ध) कार्यकारी निर्देशक - सदस्य-सचिव

## २.२ बोर्डको कार्यक्षेत्र

(क) वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अङ्गभङ्ग भएमा नियमानुसारको आर्थिक सहायता उपलब्ध गराउने।

(ख) गन्तव्य मुलुकहरूमा नेपाली दुतावाससँगको समन्वयमा समस्यामा परेका कामदारको उद्दार लगायत कानुनी तथा स्वास्थ्य सुरक्षासम्बन्धी कार्य गर्ने।

(ग) वैदेशिक रोजगारीको सिलसिलामा समस्यामा परी मृत्यु भएका तथा अलपत्र कामदारको उद्दार एवंम् शव व्यवस्थापन गर्ने।

(घ) सीप तालिमका लागि पाठ्यक्रम तथा शुल्क निर्धारण, सीप परीक्षण एवं अनुगमन सम्बन्धी कार्य गर्ने।

(ङ) नयाँ र आकर्षक श्रम गन्तव्य मुलुकको खोजी कार्य गर्ने/ गराउने।

(च) वैदेशिक रोजगारीबाट फर्केका कामदारको क्षमता अभिवृद्धि, सामाजिक तथा आर्थिक पुनएकीरण कार्यक्रमहरू संचालन गर्ने र गराउने।

(छ) वैदेशिक रोजगारीका विविध सवालहरूमा अध्ययन/अनुसन्धान गर्ने तथा गराउने।

(ज) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी विविध सचेतनामूलक श्रव्य/दृष्य एवं सूचना सामग्रीहरूको नियमित निर्माण, प्रकाशन तथा वितरण गर्ने।

(झ) वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गर्ने।

(ञ) वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अनिवार्य पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम तथा शुल्क निर्धारण एवं अनुगमन गर्ने।

# ३. वैदेशिक रोजगारको विद्यमान अवस्था

वैदेशिक रोजगारीको सकारात्मक तथा नकारात्मक पाटाहरू ;

| आ.व. | विप्रेषण आप्रवाह रू. (अर्बमा) | मृत्यु भएका कामदारको संख्या | अङ्गभङ्ग भएका कामदारको संख्या |
|---|---|---|---|
| २०६५/०६६ | २०९.७ | ७८ | ८ |
| २०६६/०६७ | २३१.७ | ४२१ | १० |
| २०६७/०६८ | २५३.६ | ५६४ | ३१ |
| २०६८/०६९ | ३५९.६ | ६४७ | ५७ |
| २०६९/०७० | ४३४.६ | ७७२ | ९० |
| २०७०/०७१ | ५४३ | ८७७ | ११६ |
| २०७१/०७२ | ६१७ | १००६ | १८४ |
| २०७२/०७३ | ६६५ | ८२६ | ११७ |
| २०७३/०७४ | ६९५ | ७५८ | २०४ |
| २०७४/०७५ | ७५५ | ८२६ | ३६१ |
| २०७५/०७६ | ८७९.३ | ७६३ | ३५४ |
| २०७६/०७७ | ८७५ | ६७२ | २०५ |
| २०७७/०७८ | ९६१.१ | १२४३ | १४३ |
| २०७८/०७९ | १००७.३१ | १४७९ | २४५ |
| २०७९/०८०* | १००५.१८ | १०३० | २३८ |
| **कुल** | **९४९२.१०** | **११८९२** | **२,३६३** |

*स्रोतः मृत्यु,अङ्गभङ्ग संख्या, वैदेशिक रोजगार वोर्ड, विप्रेषण आप्रवाह, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क(प्रथम दश महिनाको विवरण)*

**श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको विवरण :-**

| आ. व. | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| २०६५/०६६ | २,११,३७१ | ८,५९४ | २,१९,९६५ |
| २०६६/०६७ | २,८४,०३८ | १०,०५६ | २,९४,०९४ |
| २०६७/०६८ | ३,४४,३०० | १०,४१६ | ३,५४,७१६ |
| २०६८/०६९ | ३,६१,७०७ | २२,९५८ | ३,८४,६६५ |
| २०६९/०७० | ४,२३,१२२ | २७,७६७ | ४,५०,८८९ |
| २०७०/०७१ | ४,९०,५१७ | २९,१२१ | ५,१९,६३८ |
| २०७१/०७२ | ४,७७,६९० | २१,४१२ | ४,९९,१०२ |
| २०७२/०७३ | ३,८५,२२६ | १८,४६७ | ४,०३,६९३ |
| २०७३/०७४ | ३,६२,७६६ | २०,१०५ | ३,८२,८७१ |
| २०७४/०७५ | ३,३१,६७९ | २२,४१९ | ३,५४,०९८ |
| २०७५/०७६ | २,१५,६३० | २०,५७८ | २,३६,२०८ |
| २०७६/०७७ | १,७२,२४७ | १८,२०६ | १,९०,४५३ |
| २०७७/०७८ | ६४,९०३ | ७,१७८ | ७२,०८१ |
| २०७८/०७९ | ५,८०,९६९ | ४९,१२८ | ६,३०,०९७ |
| २०७९/०८०* | ५,९८,१७३ | ५८,४३७ | ६,५६,६१० |
| कुल | ५३,१२,७६४ | **३४४,६७९** | **५६,५७,४४३** |

*स्रोत:; वैदेशिक रोजगार विभाग ।(* प्रथम १० महिनाको विवरण)*

प्रत्येक वर्ष नेपालको आन्तरिक श्रम बजारमा प्रवेश गर्ने श्रम शक्तिमध्ये अधिकांश रोजगारीका लागि मलेसिया, साउदी अरब लगायतका खाडी मुलुकका साथै विश्वका अन्य विभिन्न मुलुकहरूमा जाने गरेका छन्। वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण राज्यको लागि विदेशी मुद्रा आर्जन गर्ने एक प्रमुख स्रोत बन्न पुगेको छ। आन्तरिक श्रम बजारमा पर्याप्त मात्रामा रोजगारीको अवसर उपलब्ध नहुनाले युवा जनशक्ति रोजगारीका लागि विदेशिनु परेको छ। विश्वभर महामारीको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणले अन्तर्राष्ट्रिय श्रम बजार लगायत विश्व अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका कारणले वैदेशिक रोजगारीको क्षेत्र खुम्चदै गएको छ। यसका अलावा अन्य विविध कारणहरूले गर्दा समेत वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित र मर्यादित बनाउने कार्य निकै चुनौतीपूर्ण हुन पुगेको छ।

यस विषम अवस्थामा पनि आ. व. २०६५/०६६ देखि २०७०/ ०७१ सम्म श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरूको संख्या प्रत्येक वर्ष क्रमिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ। तर आ.व. २०७१/०७२ देखि २०७७/०७८ सम्म क्रमिक रूपमा घट्दै गएको देखिन्छ। चालु आ.व.को दस

महिनाको अवधिमा पुनः वैदेशिक रोजगार जानेको संख्यामा क्रमिक रूपमा वृद्धि भई कुल ६,५६,६१० जनाले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको विभागको तथ्यांकबाट देखिन्छ। यस हिसाबले आ.व. २०६५/०६६ देखि आ.व. २०७९/०८० को प्रथम दस महिनासम्ममा ३,४४,६७९ महिला र ५३,१२,७६४ पुरूष गरी कुल ५६,५७,४४३ जना नेपाली नागरिकले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको देखिएको छ। यिनै नागरिकहरूले विदेशी भूमिमा कमाई गरी उल्लेखित अवधिभित्र ९४ खर्ब ९२ अर्ब रूपैयाँ विप्रेषण रकम नेपाल पठाएको तथ्य नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित प्रतिवेदनहरूमा उल्लेख छ। नेपालको अर्थतन्त्रलाई मजबुत तथा चलायमान बनाइ राख्न विप्रेषणको योगदान महत्वपूर्ण रही आएको छ भने अर्कोतर्फ सोही अवधिभित्र विविध कारण ११,८९२ जनाले ज्यान गुमाउनु परेको छ भने २,३६३ जनाभन्दा बढी अङ्गभङ्ग वा प्रतिकुल स्वास्थ्य अवस्थामा स्वदेश फर्किनु परेको तीतो यथार्थ पनि हामीसँग छ। यी तथ्यहरूलाई ध्यानमा राख्दै वर्तमान अवस्थामा नेपालको आन्तरिक श्रम बजारमा प्रर्याप्त मात्रामा रोजगारीको अवसर श्रृजना गर्ने वातावरण बनाउन नसक्दासम्म सुरक्षित तथा व्यवस्थित हुने गरी वैदेशिक रोजगारीलाई अल्पकालीन रणनीतिको रूपमा लिनुपर्ने अवस्था छ ।

# ४. आ. व. २०७९/०८० को नीति, कार्यक्रम र बजेटको समीक्षा

## ४.१ वार्षिक कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगतिको अवस्था

आ. व. २०७९/०८० को भौतिक प्रगतिको हिसाबले नेपाल सरकार स्रोत तर्फ ९७% र कोषको स्रोत तर्फ ८५% प्रगति रहेको छ। वित्तीय प्रगतिको हकमा नेपाल सरकार स्रोततर्फ ९४% र कोषको स्रोततर्फ ७१% रहेको छ। वित्तीय सुधारतर्फ विभिन्न वाणिज्य बैङ्कहरूमा कल तथा चल्ती खातामा रहेको रकम ब्याज आउने गरी कुल रू. ५ अर्ब ३५ करोड विभिन्न वाणिज्य बैङ्कहरूमा नियमित रूपमा पुनः लगानी गरिएको छ।

## ४.२ आ. व. २०७९/०८० मा वैदेशिक रोजगार बोर्डबाट सम्पादित कार्यहरू

वैदेशिक रोजगारमा संलग्न नेपाली कामदार तथा तिनका परिवारको हित एवंम् कल्याणका लागि तोकिए बमोजिमका आर्थिक सहायता सम्बन्धी सेवा प्रवाह र गन्तव्य मुलुकमा कामदारको सामाजिक सुरक्षाका लागि गरिएको पहलकदमीको शुरूवातका हिसाबले आ. व. २०७९/०८० को प्रगति अपेक्षित रूपमा उपलब्धिमूलक रहेको छ। यस आ. व. मा बोर्ड सचिवालयबाट सम्पन्न महत्वपूर्ण गतिविधिहरू संक्षेपमा देहाय बमोजिम रहेका छन् –

### ४.२.१ सचिवालयबाट प्रदान गरिने आर्थिक सहायतालाई अनलाइन प्रणालीबाट सञ्चालन

- वैदेशिक रोजगारीको क्रममा मृत्यु वा अङ्गभङ्ग हुँदा बोर्डबाट नियमानुसार प्रदान गरिने आर्थिक सहायताका लागि स्थानीय तहसँगको समन्वयमा अनलाइन प्रणालीबाट सीधै पीडित वा मृतक कामदारको नजिकको हकदारको बैङ्क खातामा भुक्तानी गर्ने तथा बोर्डबाट प्रदान गरिने अन्य सेवाहरू समेत अनलाइन प्रणाली मार्फत प्रवाह गर्ने कार्य गत आ. व. बाट औपचारिक रूपमै सुरूवात भएकोमा यस आ. व. मा थप सुधार गर्दै लागिएको छ ।
- आ. व. २०७९/८० मा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरू मध्ये मृत्यु भएका ४५ महिला र ११६३ पुरूष गरी कुल १,२०८ जना नेपाली श्रमिकहरूका नजीकको हकदारलाई बोर्डबाट नियमानुसार कुल रू. ६५ करोड ५१ लाख ८० हजार आर्थिक सहायता प्रदान गरिएको छ ।
- यसैगरी ९ महिला र ३८० पुरूष गरी कुल ३८९ जना बिरामी एवं अङ्गभङ्ग भएका श्रमिकलाई स्वास्थ्य उपचार खर्च/क्षतिपूर्ति बापत कुल रू. ९ करोड ९७ लाख ८ हजार रूपैयाँ प्रदान गरिएको

छ भने वैदेशिक रोजगारमा संलग्न कामदारको परिवारका ११२ जना सदस्यलाई स्वास्थ्य उपचार खर्च बापत नियमानुसार रू. ५६ लाख प्रदान गरिएको छ।

- यस्तै ३४ महिला र ७८४ पुरूष गरी कुल ८१८ मृतक कामदारको शव घरसम्म लैजानका लागि निःशुल्क शव बाहन सेवा उपलब्ध गराइएको छ। यस कार्यका लागि रू. २ करोड ८५ लाख ८० हजार खर्च भएको छ।
- पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिएका ५०७ जना महिला कामदारलाई सचिवालयबाट नियमानुसार सात सय रूपैयाँका दरले ३ लाख ५४ हजार ९ सय शोधभर्ना गरिएको छ ।
- वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अङ्गभङ्ग भएका श्रमिक परिवारहरू मध्ये ६३ जिल्लाका २९७९ जना बालबालिकाहरूलाई नियमानुसार छात्रवृत्ति सहयोग प्रदान गरिएको छ ।

### ४.२.२ अलपत्र कामदारहरूको उद्दार तथा राहत र सामाजिक सुरक्षाको पहल

- ओमान, कुवेत र साउदी अरब (जेद्धा) स्थित नेपाली दूतावासको अनुरोधका आधारमा सुरक्षित गृहको सञ्चालन प्रयोजनको लागि रू. ४९ लाख २८ हजार रकम (पेश्की) उपलव्ध गराइएको छ।
- विभिन्न मुलुकहरूमा विविध कारणले मृत्यु भई अलपत्र परेका ३१२ जना नेपाली कामदारको शव राजदुतावाससँगको समन्वयमा नेपाल झिकाइएको छ। सो बापत कुल रू. २ करोड ६० लाख ७५ हजार खर्च भएको छ।
- वैदेशिक रोजगारीको सिलसिलामा गम्भीर प्रकृतिको बिरामी भएर वा अन्य कारण अलपत्र परेका १६७ जना कामदारको उद्दारका लागि पहल गरिएको छ। यसरी उद्दार गर्ने क्रममा हवाई टिकट, स्ट्रेचर लगायतका कार्य प्रयोजनको लागि रू. ४३ लाख १० हजार रूपैयाँ खर्च भएको छ।
- मलेसिया, साउदी अरब, ओमान, कतार, यु.ए.ई. जस्ता बढी संख्यामा नेपाली कामदार कार्यरत मुलुकहरूमा समस्यामा परेका श्रमिकहरूको सहयोगका लागि सम्बन्धित देशका नेपाली दूतावासहरूमा जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापन प्रयोजनका लागि रू. १ करोड ४४ लाख ९९ हजार रूपैयाँ पेश्की उपलव्ध गराइएको छ ।
- वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई सूचना, परामर्श लगायत अन्य आवश्यक सहायता प्रदान गर्ने उद्देश्यले काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सूचना तथा परार्मश सेवा उपलब्ध गराइएको छ। यसैगरी सोही प्रकृतिको सेवा राहदानी तथा कन्सुलर सेवा विभागबाट समेत प्रवाह गरिएको छ। यस कार्यका लागि विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नशीप अध्ययन सहयोग कार्यक्रम अन्तर्गत ३ महिला र ३ पुरूष गरी जम्मा ६ जना विद्यार्थीहरूलाई छनौट गरी परिचालन गरिएको छ।

### ४.२.३ पुनः एकीकरण कार्यक्रम

- पुनःएकीकरण कार्यक्रमको लागि रू. १५ करोड विनियोजन भएको र ३००० जना लाभग्राही हुने लक्ष्य भएकोमा यस कार्यक्रम अन्तर्गत ८१ वटा स्थानीय तहसँग दुई पक्षीय सम्झौता गरी वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएकोमा समय अभावका कारण १३ वटा स्थानीय निकायले कार्यक्रम सञ्चालन गर्न नसकेको र ६८ वटा स्थानीय तहले सञ्चालन गरेको उक्त कार्यक्रमबाट वैदेशिक रोजगारीबाट फर्किएका २६१० जना व्यक्तिहरू लाभान्वित भएका छन् ।

### ४.२.४ पूर्वप्रस्थान अभिमुखीकरण तालिम

- वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई देशगत जानकारी दिने उद्देश्यले विभिन्न १० वटा देशहरूको देशगत जानकारीमूलक पुस्तिकाहरूको छपाइ गरी वितरण गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ।
- अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन देशगत श्रव्य तथा दृश्य तालिम सामग्री समेत उत्पादन गरी तालिम मार्गदर्शनका आधारमा यसको प्रयोग गर्ने गरी वितरण गरिएको छ।
- पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई थप प्रभावकारी बनाउने र यसका लागि तालिम प्रदायक संस्थाहरूको गुनासो सुनुवाई गरी उचित मागहरूको सम्बोधन गर्ने उद्देश्यले अन्तरक्रिया छलफल कार्यक्रम तथा तालिम प्रदायक संस्थाहरूको अनुगमन समेत सम्पन्न भएको छ।

### ४.२.५ निःशुल्क सीप तालिम सञ्चालन

- वैदेशिक रोजगारबाट फर्किएका वा जान चाहने दुबै पक्षलाई लक्षित गरी सातै प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का १९ वटा आँगिक शिक्षण संस्थाहरूसँग सम्झौता गरी विभिन्न १७ वटा रोजगारमूलक सीप विषयहरूमा निःशुल्क एक महिने सीप तालिम संचालन भएको छ।
- चालु आ. व. मा १० हजार जनालाई निःशुल्क रोजगारमुलक सीप तालिम दिने लक्ष्य रहेकोमा (९९०५ जनालाई निःशुल्क सीपमूलक तालिम) तालिम सफलतापूर्वक सम्पन्न भएको छ।
- निःशुल्क तालिममा सहभागी भई सफलतापूर्वक तालिम सम्पन्न गर्ने प्रशिक्षार्थीहरूको सीप परीक्षणका लागि राष्ट्रिय सीप परीक्षण समितिसँग सम्झौता गरिएको छ।
- गत वर्षको तालिमको समीक्षा गरी आगामी वर्षमा निःशुल्क रोजगारमूलक सीप तालिमलाई प्रभावकारी तथा नतिजामुखी हुने गरी कार्यान्वयनमा ल्याउन अपनाउनु पर्ने थप विधि एवं प्रकृयाबारे गहन छलफल गरी टुंगोमा पुग्न तालिममा सहकार्य गरेका शिक्षण संस्थाका प्राचार्य/सञ्चालक लगायत तालिम सम्बद्ध व्यक्तिहरूसँग एक दिने समीक्षा गोष्ठीहरू समेत सम्पन्न भएको छ।

### ४.२.६ निःशुल्क आवासीय सीप तालिम सञ्चालन

यस आ.व.मा वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई लक्षित गरी एक महिने निः शुल्क आवासीय गार्मेन्ट मेसिन अपरेटर तालिम संचालन भएको छ। जसमा ९ वटा तालिम प्रदायक निजी संस्थाहरूमार्फत ४९६ जना व्यक्तिहरूलाई तालिम प्रदान गरिएको छ।

### ४.२.७ सुरक्षित वैदेशिक रोजगारीका लागि नियमित सूचना तथा परामर्श सेवा प्रवाह

- स्वीस सरकारसँगको द्विपक्षीय सम्झौता अन्तर्गत बोर्ड सचिवालयबाट संचालित राष्ट्रिय आप्रवासन स्रोत केन्द्रमार्फत स्थानीय तहमा आप्रवासी स्रोत केन्द्रहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सचिवालयमा एक जना राष्ट्रिय आप्रवासन स्रोत केन्द्र अधिकृत र प्रदेश स्तरमा समन्वय र सहजीकरणका लागि ४ जना कार्यक्रम अधिकृतहरूलाई परिचालन गरिएको छ। आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ मिति २०७८/१०/१६ गते मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय तहमा सञ्चालन भइरहेका आप्रवासन स्रोत केन्द्रहरूलाई बोर्डमा सूचीकरण तथा नवीकरण प्रकृया अगाडि बढाउन स्थानीय तहहरूलाई सार्वजनिक सूचनामार्फत आग्रह गर्ने कार्यको थालनी भैसकेको छ। यस अन्तर्गत ४१ वटा सूचना केन्द्रहरूलाई सूचीकरण गरिएको छ।

- कल सेन्टरको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउने उद्देश्यले माननीय मन्त्रीस्तरीय निर्णयानुसार बोर्ड सचिवालयमा रहेको कल सेन्टरलाई २४ सै घण्टा सञ्चालन गरिएको छ। कल सेन्टरमा मन्त्रालय तथा मन्त्रालय मातहतका सबै निकायहरूसँग सम्बन्धित विभिन्न जिज्ञासा, गुनासाहरू, सुझाव लगायत कुल ५,०८,१९ जना सेवाग्राहीहरूलाई सेवा प्रदान गरिएको छ।
- नेपाल टेलिभिजन र रेडियो नेपाल लगायतका संचार माध्यमहरू मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सन्देश सामग्री साप्ताहिक रूपमा उत्पादन र प्रसारण गरिएको छ। नेपाल टेलिभिजनले केन्द्रबाट हुने नियमित साप्ताहिक प्रशारणका अतिरिक्त इटहरी तथा कोहलपुर प्रशारण केन्द्रबाट समेत साप्ताहिक कार्यक्रम निःशुल्क रूपमा प्रसारण भएको छ भने कार्यक्रमलाई फेसबुक मार्फत लाइभ गर्ने तथा यूट्युब मार्फत समेत सबैले हेर्न मिल्ने गरी आवश्यक व्यवस्था गरिएको छ। यसैगरी रेडियो नेपालले केन्द्रीय प्रसारण नेपाली भाषामा र बर्दिबासबाट हुने क्षेत्रीय प्रसारण केन्द्रबाट मैथिली भाषामा साप्ताहिक कार्यक्रम नियमित रूपमा प्रसारण भएको छ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउनका लागि सचेतनामूलक सूचना तथा श्रव्य–दृष्य सामग्रीहरू, पूर्व प्रस्थान अभिमुखीकरण तालिम र रोजगारमूलक सीप तालिमका लागि उत्प्रेरणा जगाउने गीति सन्देशहरू, श्रव्य–दृष्य सामग्रीहरू, देशगत जानकारीमूलक अध्ययन सामग्रीहरू, घरेलु कामदारलाई उपयोगी हुने सामग्रीहरू, फर्किएका कामदारको पुनःस्थापनासँग सम्बन्धित सचेतनामूलक सामग्रीहरू लगायत नियमित वार्षिक प्रगति विवरण तथा देशगत गोजी पुस्तिका आदिको निर्माण/उत्पादन तथा प्रसारण/वितरण गरिएको छ। वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारका लागि आवश्यक यी जानकारीमूलक सूचना तथा सन्देशहरू स्थानीय तहमा रहेका विभिन्न सञ्चार माध्यमहरू, आप्रवासन स्रोत केन्द्रहरू, श्रम कल सेन्टर, राष्ट्रिय आप्रवासन स्रोत केन्द्र र बोर्ड सचिवालयको आधिकारिक वेवसाइट तथा सामाजिक सञ्जालमार्फत् समेत नियमित रूपमा प्रचारप्रसार हुँदै आएको छ।
- बोर्ड सचिवालयमा डिजिटल नागरिक बडापत्र र होडिङ्गबोर्ड मार्फत सेवाग्राहीलाई सूचना प्रवाह गरिएको छ भने राहदानी विभाग एवं काठमाडौं र भैरहवा विमानस्थलमा समेत डिजिटल होर्डिङ बोर्ड तथा टेलिभिजन मार्फत सुरक्षित वैदेशिक रोजगार प्रकृयाबारे सचेतनामूलक सन्देशहरू प्रवाह गरिएको छ।
- प्रत्येक वर्ष डिसेम्बर १८ का दिन मनाइने अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस यस वर्ष पनि सप्ताहव्यापी रूपमा विविध कार्यक्रमहरू सहित मनाउने सिलसिलामा मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिको सचिवालयको रूपमा बोर्डले आवश्यक समन्वय तथा सहजीकरण गरेको छ। आप्रवासी स्रोत केन्द्रका परमर्शदाताहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ। वैदेशिक रोजगारीको क्षेत्रमा क्रियाशील सरकारी, निजी क्षेत्र, गैरसरकारी, संचार माध्यम लगायत अन्य सबै सरोकारवालाहरूको सहभागितामा यो दिवस स्थानीय तहदेखि केन्द्रसम्म विभिन्न सचेतनामूलक कार्यक्रमहरूको आयोजना गरि सम्पन्न गरिएको छ।

### ४.२.८ सुरक्षित वैदेशिक रोजगारीका लागि टेलिमेडिसिन सेवा संचालन

- टेलिमेडिसिन सेवा संचालन कार्यविधि, २०७९ मिति २०७९/११/०२ गते मन्त्रालयबाट स्वीकृत भएपश्चात उक्त सेवा संचालनका लागि वीर अस्पतालसँग सम्झौता भइ सेवा सुचारू भएको छ। असार मसान्तसम्ममा ९३७ जनालाई टेलिमेडिसिन सेवा प्रदान गरिएको छ ।

### ४.२.९ नीति नियमहरूको पुनरावलोकन/परिमार्जन

- टेलिमेडिसिन सेवा संचालन कार्यविधि, २०७९ मिति २०७९/११/०२ गते मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।
- वैदेशिक रोजगारबाट समस्यामा परी फर्किएका नेपाली कामदारहरूका लागि पुनएकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा ल्याईएको छ।
- वैदेशिक रोजगार छात्रवत्ति संचालन कार्यविधि, २०७१ लाई संशोधनका लागि मिति २०८०/२/१२ गते बसेको बोर्ड बैठकले अनुमति दिए बमोजिम उक्त कार्यविधि संशोधनको प्रक्रियामा रहेको छ।

## ५. प्रमुख समस्या तथा चुनौतीहरू

विगतका वर्षहरूमा जस्तै हालका वर्षहरूमा पनि वैदेशिक रोजगार बोर्डमा समस्या तथा चुनौतीहरू देखा परेका छन्। केही समस्या तथा चुनौतीहरूलाई न्युनीकरण गर्न सकेमा आगामी दिनहरूमा वैदेशिक रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन सकिन्छ।

### ५.१ कानुनी तथा नीतिगत

- स्पष्ट कानूनको अभावमा विदेशस्थित विभिन्न अस्पतालमा कोमामा रहेका बिरामीलाई नेपाल ल्याई उपचार गर्न र कानुनी प्रतिरक्षामा समस्या देखिएको छ।
- बोर्ड सचिवालयमा कार्यरत कर्मचारीहरूको छोटो छोटो समयमा हुने सरूवाले निर्धारित समयमा कार्यसञ्चालन हुन नसकिनु ।

### ५.२ अन्तर-निकाय समन्वय

- विदेशस्थित सम्बन्धित नियोगसँगको समन्वयमा समस्या रहेको छ। खासगरी वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरूको संख्या धेरै भएका केही मुलुकका दूतावासमा श्रम सहचारीको व्यवस्था हुन नसक्दा कामदारको उद्दार तथा मृतक कामदारको शव समयमा ल्याउन समस्या देखिएको छ।
- बोर्डबाट कल्याणकारी कार्यका लागि विभिन्न देशमा रहेका नेपाली नियोगहरूलाई उपलब्ध गराइएको पेश्की रकमको म.ले.प. हुँदा औंल्याइएको बेरूजु रकम नियोगहरूबाट समयमा नै स्रेस्ता प्राप्त नहुनाले फछर्यौट हुन सकेको छैन।
- नियोग र बोर्ड सचिवालय विच नियमित रूपमा छलफल तथा अन्तरक्रिया नहुनाले अलपत्र कामदारहरूको उद्दार कार्यमा समस्या पर्ने गरेको छ ।

### ५.३ जनशक्ति व्यवस्थापन

- बोर्डको जिम्मेवारी र कार्यक्षेत्र विस्तार हुँदै गएको तर सचिवालयमा कार्यबोझको तुलनामा जनशक्ति पर्याप्त नरहेको अवस्था विद्यमान रहेको छ।
- बोर्डको सचिवालयबाट सम्पादित कार्य संवेदनशील र अत्यावश्यक प्रकृतिका रहेको कारण कर्मचारी जुनसुकै समयमा पनि परिचालित हुनुपर्ने अवस्था रहेको तर कार्यप्रकृतिको तुलनामा कुनै किसिमको थप प्रोत्साहन सुविधा नहुँदा कर्मचारीलाई टिकाइ राख्न समस्या रहेको छ।

### ५.४ स्रोत साधन

- बोर्ड सचिवालयको आफ्नै प्रशासकीय भवन नभएको कारण कार्य सञ्चालनमा समस्या रहेको छ।

- सीप तालिम र अभिमुखीकरण तालिम लगायतका कार्यक्रमको स्थलगत अनुगमनका लागि सवारी साधनहरूको अभाव रहेको छ।

## ६. नेपाल सरकारको नीति र प्राथमिकता

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको छनौट गर्न पाउने संवैधानिक हक प्राप्त छ। वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र शोषणरहित बनाउन यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। यो व्यवस्थाको मर्मलाई आत्मसात गर्दै बाध्यात्मक वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने, न्यूनतम् सीपयुक्त जनशक्तिलाई पूर्णरूपमा सुसूचित एवं सचेत बनाएर मात्रै वैदेशिक रोजगारीमा पठाउने र प्राप्त हुने सीपयुक्त जनशक्ति तथा विप्रेषणलाई राष्ट्र निर्माणमा उपयोग गर्ने नीति राज्यले लिएको छ।

आ. व. ०८०/८१ को बजेट वक्तव्यमा "**श्रमको सम्मान राष्ट्रको अभियान**" भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनुका साथै वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने विषय उल्लेख गरिएको छ। नयाँ र आकस्मिक गन्तव्य मुलुकहरूमा वैदेशिक रोजगारीका अवसरहरूको पहिचान र उपयोग गर्दै गन्तव्य मुलुलकको आवश्यकता बमोजिम श्रमिकलाई सीपयुक्त बनाई उच्च पारिश्रमिक प्राप्त गर्न सक्ने बनाइने छ। स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा लिन सक्ने, गरिबीको रेखामुनि रहेका वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघुउद्यमीको रूपमा विकास गर्न स्थानीय तह मार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिने, "**अबको जीवन स्वदेशमानै**" भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आवद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिने जस्ता कार्यक्रमका अतिरिक्त विभिन्न देशहरूसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बीमा र तत्काल गुनासो सम्बोधन लगायतका विषयहरू थप व्यवस्थित गरिने विषयवस्तुहरू सरकारको वार्षिक बजेटमा समेटिएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (थ) बेरोजगारको तथ्याङ्क सङ्कलन अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनएकीकरण र वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्ने विषयहरू उल्लेख भएका छन्।

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा Global Forum For Migration and Development (GFMD), Global Compact on Safe, Orderly and Regular Migration (GCM), दीगो विकास लक्ष्य, २०३० (S.D.G.) जस्ता अन्तर्राष्ट्रिय फोरमहरू र आबुधाबी डायलग, कोलोम्बो प्रोसेस, दक्षिण एसियाली सहयोग संगठन (सार्क) जस्ता क्षेत्रीय फोरमहरूमा नेपाल सरकारका तर्फबाट व्यक्त भएका प्रतिबद्धताहरूलाई समेत सम्बोधन गर्न सहयोग पुर्याउन समेत बोर्डको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ।

## ७. वैदेशिक रोजगार बोर्डको आ.व.२०८०/८१ को वार्षिक, नीति, कार्यक्रम र बजेट तर्जुमाको आधार

वैदेशिक रोजगार सम्बन्धी ऐन तथा नियमावली, विभिन्न समयमा बसेको बोर्ड बैठकले दिएको निर्देशन, छलफल/अन्तरक्रियाबाट प्राप्त सुझावहरु समेतका आधारमा वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ ले निर्दिष्ट गरेका काम कर्तव्य एवं भूमिका, विभिन्न समयमा गठित कार्यदलहरूका महत्वपूर्ण सुझावहरू तथा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान चाहने/गएका र वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदार एवं तिनका परिवारको हित समेतलाई केन्द्रविन्दुमा राखी आ. व. २०८०/८१ को लागि वैदेशिक रोजगार बोर्डको देहाय बमोजिमका उद्देश्यहरू प्राप्त गर्नका लागि तपसिलमा उल्लेख भए बमोजिमका वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

## ८. वार्षिक कार्यक्रमको उद्देश्य

(क) वैदेशिक रोजगारमा गएका कामदारको हकहित तथा कल्याणकारी कार्यको सम्वर्द्धन गर्ने।

(ख) वैदेशिक रोजगारीमा जाने र फर्किएका कामदारको क्षमता अभिवृद्धि गर्ने।

(ग) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्ने।

(घ) नयाँ तथा आकर्षक गन्तव्यहरूको खोजीमा सहजीकरण गर्ने।

(ङ) लक्षित वर्गका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन गर्ने।

(च) वैदेशिक रोजगारीबाट फर्किएका कामदार र तिनका परिवारको पुनएकीकरण गर्ने।

(छ) बोर्डबाट प्रवाह हुने सेवालाई सरल, सहज र प्रविधिमैत्री बनाई सुशासन प्रवर्द्धन गर्ने।

## ९. वार्षिक कार्यक्रमको प्राथमिकता

(क) वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका नेपाली श्रमिकहरूको उद्दार तथा राहतका लागि प्रभावकारी व्यवस्था मिलाउने।

(ख) वैदेशिक रोजगारीमा जान चाहने र फर्किएका कामदारलाई आवश्यकताका आधारमा रोजगारमूलक सीप तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने।

(ग) नयाँ र आकर्षक गन्तव्यको खेजी कार्यलाई निरन्तरता दिने।

(ग) सुरक्षित वैदेशिक रोजगारीका सम्बन्धमा सरोकारवालाहरूमा सूचना प्रवाह गर्ने।

(घ) वैदेशिक रोजगारीका क्रममा समस्यामा परी उद्दार गरिएका नेपाली श्रमिकहरूलाई पुनःस्थापना गर्ने।

(ङ) विभिन्न कार्यक्रमहरू मार्फत वैदेशिक रोजगारीबाट फर्किएका कामदारलाई सामाजिक, आर्थिक र उद्यमशीलता प्रवर्द्धनका माध्यमबाट पुनएकीकरण कार्यक्रममा सहयोग गर्ने।

(च) वैदेशिक रोजगारीमा संलग्न नेपाली श्रमिकहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै टेलिमेडिसिन सेवा, मनोसामाजिक परामर्शको कार्यक्रम सञ्चालन गर्ने, साथै सामाजिक सुरक्षाका कार्यक्रममा आवद्धताका लागि आवश्यक कार्य गर्ने।

(छ) सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको प्रवर्द्धनका लागि अध्ययन/अनुसन्धान सम्बन्धी कार्य गर्ने।

(ज) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराउने सेवालाई अनलाइन प्रणाली मार्फत् प्रवाह गर्ने।

(झ) विभिन्न सरोकारवाला संस्थाहरूसँगको सहकार्यमा आकर्षक श्रम गन्तव्यको खोजी गर्ने।

(ञ) वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## १०. उद्देश्य प्राप्त गर्न लिइएका कार्यनीतिहरू

(क) वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता लगायतका श्रमिक कल्याणकारी सेवाहरू प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा अनलाइन प्रणाली मार्फत् प्रदान गरिनेछ।

(ख) वैदेशिक रोजगारीको क्रममा विविध कारणले अलपत्र परेका कामदारको उद्दार तथा राहतका लागि विदेशस्थित नेपाली राजदूतावासहरूसँगको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

(ग) वैदेशिक रोजगारीमा जाने/फर्केर अउने श्रमिकलाई आधारभूत रूपमा व्यावसायिक, सीपयुक्त र दक्ष बनाउन सरकारी र निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरू सँगको सहकार्यमा निःशुल्क रोजगारमूलक सीप तालिम सञ्चालन गरिनेछ।

(घ) नयाँ तथा आकर्षक गन्तव्यको खोजीका लागि सरोकारवाला निकायसँग समन्वय गर्दै अघि बढिनेछ।

(ङ) पूर्वप्रस्थान अभिमुखीकरण तालिम सम्बन्धी मोवाइल एपको निर्माण गरी प्रयोगमा ल्याइने छ।

(च) आप्रवासी श्रोत केन्द्र, सञ्चार माध्यम, श्रम कल सेन्टर, सामाजिक सञ्जाल लगायतको प्रभावकारी परिचालन एवं प्रयोग मार्फत् सुरक्षित, मर्यादित एवं लाभदायी वैदेशिक रोजगारीबारे अभिमुखीकरण, सचेतनामूलक सूचना तथा परामर्श सेवा प्रदान गरिनेछ।

(छ) वैदेशिक रोजगारीको क्रममा समस्यामा परि फर्किएका श्रमिकलाई प्रदेश, स्थानीय तह, गन्तव्य मुलुक, विकास साझेदार, निजी क्षेत्र लगायतका सरोकारवालासँगको सहकार्यमा सामाजिक तथा आर्थिक पुनएकीकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

(ज) विशेषज्ञसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारीमा संलग्न नेपाली श्रमिकहरूको सामाजिक सुरक्षाको पहल गरिनुका साथै श्रमिकको शारीरिक एवं मानसिक स्वास्थ्य उपचारका लागि टेलिमेडिसिन सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

(झ) विश्वविद्यालय, प्राज्ञिक संस्था वा दातृ निकायसँगको सहकार्यमा वैदेशिक रोजगारीसँग सम्बन्धित विविध सवालहरूमा अध्ययन गरी कार्यान्वयनमा ल्याइने छ।

(ञ) वैदेशिक रोजगारसँग सम्बद्ध निजी क्षेत्र, गैर आवासीय नेपाली संघ, सञ्चारकर्मी लगायत अन्य सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई थप सुदृढ गरिने तथा संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम कार्यान्वयमा ल्याइनेछ।

## ११. वार्षिक कार्यक्रम तथा बजेट

नेपाल सरकारको नीति र कार्यक्रम, बोर्डको कार्यक्षेत्र, आगामी आर्थिक वर्ष २०८०/८१ का लागि निर्धारित बजेट तथा कार्यक्रमका उद्देश्यहरू प्राप्तिका लागि देहाय बमोजिम आय व्ययको विवरण प्रस्ताव गरिएको छ।

## १२. आ. व. ०८०/८१ को अनुमानित आय-व्यय विवरण

**(क) आय विवरण** (रू. लाखमा)

| क्र.सं. | शिर्षक | ०७८/७९ को यथार्थ आय | ०७९/८० को संशोधित अनुमान आय | ०८०/८१ को अनुमानित आय |
|---|---|---|---|---|
| **१** | **२०७९/८० को मौज्दात जिम्मेवारी** | **५८४६३.००** | **६०९८४.००** | **६७३८१.६६** |
| क. | मुद्दति खाताको रकम | ५३५००.०० | ५३५००.०० | ५३५००.०० |
| ख. | कल/ चल्ती खाताको रकम | ४९५६.०० | ७४७७.०० | १३८७५.६६ |
| ग. | धरौटी खाताको रकम | ७.०० | ७.०० | ६.०० |
| **२** | **आ. व. ०८०/८१ को अनुमानित आय विवरण** | | | |
| क) | श्रम स्वीकृतीबाट कल्याणकारी कोषमा जम्मा हुने | ९४५१.३५ | १०९००.०० | ११०००.०० |
| ख) | ई.पी.एस. श्रम स्वीकृती | १९७.३७ | ५९४.०० | ६००.०० |
| ग) | मुद्दति खाताको बैङ्क ब्याज आम्दानी | ४४०४.१३ | ४८१५.०० | ४५००.०० |
| घ) | वैदेशिक रोजगार विभागको धरौटी ब्याज प्राप्त | | १८००.०० | १८००.०० |
| ङ) | टेण्डर बिक्रि दस्तुर | ०.३४ | ०.१२ | ०.२० |
| च) | अन्य आम्दानी (बै.रो.व्यवसायी स्वास्थ्य संस्था तालिम प्रदायक संस्थाहरूको दर्ता र नवीकरण शुल्क) | २७५.०० | २७०.०० | २८०.०० |
| छ) | नेपाल सरकारबाट विनियोजन प्राप्त | १७९.७७ | १९०.७८ | २०५.०० |
| ज) | रोजगार प्रवर्द्धन कार्यक्रम (एस.डी.सी.नगद अनुदान) | ७६.२५ | ५९.०३ | १२८.०० |
| | **जम्मा** | १४५८४.२१ | १८६२८.९३ | १८५१३.२० |
| | **कुल जम्मा आम्दानी** | **७३०४७.२१** | **७९६१२.९३** | **८५८९४.८६** |

**(ख) व्यय विवरण** (रू. लाखमा)

| क्र.सं. | शीर्षक | ०७८/७९ को यथार्थ व्यय | ०७९/८० को संशोधित व्यय | ०८०/८१ को अनुमानित व्यय |
|---|---|---|---|---|
| कोष तर्फबाट हुने खर्च | | | | |
| क) | कोष तर्फको खर्च (कार्यक्रमगत चालु खर्च) | ११२६८.०० | १११५६.०० | १७४४१.०० |
| ख) | कोष तर्फको पूँजीगत खर्च | २२.२२ | ९.०० | १४०.०० |
| ग) | व्यवस्थापन र कार्यालय सञ्चालन खर्च | ६२.८३ | ९३.१५ | ३२३.०० |
| घ) | ब्याज कर (मुद्दती निक्षेपमा प्राप्त ब्याजमा लाग्ने १५% कर) | ४५४.०३ | ७२२.०० | ७००.०० |
| ङ) | धरौटी फिर्ता | | १.३१ | ४.०० |
| **कोष तर्फको जम्मा खर्च** | | | | |
| नेपाल सरकारको श्रोत र वैदेशिक सहायताबाट हुने खर्च | | | | |
| घ) | तलब भत्ता लगायत प्रशासनिक खर्च (नेपाल सरकारबाट प्राप्त) | १७९.७७ | १९०.७८ | २०५.०० |
| ङ) | तलब भत्ता लगायत प्रशासनिक खर्च (एस.डी.सी.नगद अनुदान) | ७६.२५ | ५९.०३ | १२८.०० |
| **नेपाल सरकारको श्रोत र वैदेशिक सहायताबाट हुने जम्मा खर्च** | | | | |
| | **कुल जम्मा** | **१२०६३.१०** | **१२२३१.२७** | **१८९४१.००** |

## कोष तर्फको कृयाकलापगत भार विश्लेषण (प्रतिशतमा)

| क्र.सं. | कार्यक्रम | बजेट रू लाखमा | भार |
|---|---|---|---|
| १ | आर्थिक सहायता वितरण कार्यक्रम | ९३०० | ५१.९४ |
| २ | अलपत्र कामदारहरूको उद्दार तथा राहत कार्यक्रम | २३७५ | १३.२७ |
| ३ | सीप विकास तालिम | ९२४ | ५.१६ |
| ४ | वैदेशिक रोजगारी सम्बन्धी अभिमूखीकरण | १०७ | ०.६० |
| ५ | वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श | १००५ | ५.६१ |
| ६ | वैदेशिक रोजगारीबाट फर्किएर आएका श्रमिकको हितका लागि गरिने कार्यक्रम | १५१५ | ८.४६ |
| ७ | प्रशिक्षण, अध्ययन तथा अनुसन्धान | ११० | ०.५६ |
| ८ | अन्य संस्था / निकायसँग समन्वय, सहजीकरण र सहयोग | १४१५ | ७.९० |
| ९ | वैदेशिक रोजगारीमा गएका परिवारको सवलीकरण कार्यक्रम | ६९० | ३.८५ |
| १० | कार्यालय सञ्चालन र व्यवस्थापन खर्च | ३२३ | १.८० |
| ११ | पूँजीगत खर्च | १४० | ०.७८ |
| | **कुल जम्मा** | **१७९०४** | **१००.००** |

## आ. व. २०८०/८१ को लागि स्रोतगत व्यय विवरण (रू. लाखमा)

| | | |
|---|---|---|
| अ | कार्यक्रमगत खर्च (१ देखि ९ सम्म) | १७४४१ |
| आ | व्यवस्थापकीय र कार्यालय सञ्चालन खर्च | ३२३ |
| इ | पुँजीगत खर्च | १४० |
| **१** | **कोषको स्रोततर्फ प्रस्तावित बजेट रू (अ+आ+इ)** | १७९०४ |
| २ | तलब भत्ता लगायत प्रशासनिक खर्च (नेपाल सरकारबाट प्राप्त) | २०५ |
| ३ | तलब भत्ता लगायत प्रशासनिक खर्च (एस.डी.सी.नगद अनुदान) | १२८ |
| **आ. व. २०८०/०८१ को प्रस्तावित कुल बजेट रू.** | | **१८२३७** |

आ. व. २०८०/८१ का लागि माथि उल्लेखित बजेट तथा कार्यक्रमको विस्तृत विवरण रा.यो.आ. फारम -१ अनुसारको संलग्न वार्षिक कार्यक्रममा रहेको छ ।

## १३. आ ब २०८०/८१ का लागि प्रस्तावित कार्यक्रमबाट अपेक्षित उपलब्धी

यस योजनाको कार्यान्वयनबाट निम्नानुसारको उपलब्धी हासिल हुनेछः

१. बोर्डले सबैभन्दा धेरै प्राथमिकता वैदेशिक रोजगारीमा समस्यामा परेका श्रमीक र उनीहरूका आश्रीत परिवारलाई सहयोग गर्ने कार्यलाई दिएको छ। कुल प्रस्तावित बजेटको करिब ५२ प्रतिशत अर्थात रू. ९३ करोड रूपैयाँ यस प्रयोजनका लागि विनियोजन गरिएको छ।

२. विदेशस्थित नियोगहरू मार्फत अलपत्र परेका कामदारहरूको उद्दार एवं राहतको लागि रू. २३ करोड ७५ लाख (कुल बिनियोजनको १३.२७%) विनियोजन गरिएको छ। यो श्रोत मूलतः विदेशस्थित नेपाली दुतावास मार्फत खर्च हुनेछ। नेपाली दुतावासहरूमा उद्दार कार्यलाई थप सहजीकरण गर्न चक्रीय कोष (revolving fund) को व्यवस्था गर्न प्रस्ताव गरिएको छ।

३. आ. व. २०७९/८० मा सम्पन्न सीप विकास तालिममा सहभागी १०४९६ जनाको सीप परीक्षण गराउने लक्ष्य राखी बजेट विनियोजन गरिएको छ।

४. वैदेशिक रोजगारीबाट फर्केका श्रमिक तथा वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवार मध्ये १००० जनालाई व्यवसायिक एवं सीपमूलक तालीम प्रदान गर्नेगरी बजेटको विनयोजन गरिएको छ।

५. यस वर्ष पूर्वप्रस्थान अभिमूखीकरण तालिम विषयमा ३५० जना प्रशिक्षक प्रशिक्षण लिएका सीपयुक्त प्रशिक्षकहरू तयार गर्ने गरी बजेट विनियोजन गरिएको छ।

६. वैदेशिक रोजगारलाई व्यवस्थित र सुरक्षित गराउनका लागि अन्य साझेदारहरूसँगको सहजीकरण एवं क्षमता विकासका लागि रू. १३ करोड ८५ लाख बजेट विनियोजन गरिएको छ। यसबाट विदेशस्थित दुतावासहरू, वैदेशिक रोजगार विभाग र स्थानीय तह लगायतका साझेदारहरूसँगको सहकार्य गर्नेगरी क्रियाकलापहरू तय गरिएको छ।

७. वैदेशिक रोजगारीमा गएका परिवारको सवलीकरण कार्यक्रमलाई विशेष महत्व दिइ बजेट तथा कार्यक्रममा समावेश गरिएको छ। यस अन्तर्गत सामुदायिक विद्यालयबाट दशौं कक्षासम्मको शिक्षा हासील नगरि बिचैमा पढाइ छाडेका सीमान्तकृत युवाहरू ५०० जनालाई सीपमूलक तालिम प्रदान गरिने, २५०० जना वैदेशिक रोजगारीमा गएका परिवारका सन्ततीहरूलाई "पढ्दै कमाउँदै" कार्यक्रम अन्तर्गत सहयोग गर्ने र वैदेशिक रोजगारीमा गएका परिवारका सन्ततीहरूमध्ये १००० जना कक्षा ११ र १२ का विद्यार्थीलाई वित्तीय साक्षरता तथा उद्यमशीलता सम्बन्धी प्रशिक्षण प्रदान गरिने गरी कार्यक्रम तय गरिएको छ। यस प्रयोजनका लागि रू. ६ करोड ९० लाख बजेट विनियोजन गरिएको छ।